अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

सि.नं	प्रतिवादीहरु	मुद्दा	आयोगको मागदावी	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	बैकुन्ठ अधिकारीसमेत विशेष अदालतको मुद्दा न- (२०७८-CR-००८१) फैसला मिति २०८०।१२।१९	सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको।	(क)तत्कालीन प्रदेश सचिव रहेका प्रतिवादी बैकुण्ठ अधिकारी उपर निज प्रतिवादीले सम्पूर्ण कागजात अध्ययन नगरी, नगराई, स्थलगत अनुगमनसमेत नगरी, नगराई भुक्तानी दिने सम्बन्धी टिप्पणी सदर गरी ७ (सात) वटा मिनिटिलरको रु.६,२२,५००।-बराबरको लाभग्राहीलाई उपलब्ध नगराइएको मिनिटिलरसमेतको झुट्टा बिल भरपाइको भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानूनी हानि पुऱ्याई भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर गरेको साथै सम्झौता पत्रमा उल्लेख भए बमोजिम KK-IC-300D, 6hp मोडेलको वितरण गर्नुपर्ने मिनिटिलर खरिद नगरी कम गुणस्तरको KK-IC-300D, 5.4 hp मोडेलको १७ वटा र सम्झौता पत्रमा उल्लेख भए बमोजिम KK-IC-200P, 5.7hp मोडेलको वितरण गर्नुपर्ने मिनिटिलर खरिद नगरी KK-IC-200P, 5.1hp मोडेलको १२ वटा मिनिटिलर खरिद गरी प्रदेश सरकारलाई जम्मा रु.३७,१५,०००।- हानि पुऱ्याई सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूर गरेकोले प्रतिवादी बैकुण्ठ अधिकारीलाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.४३,३७,५००।- कायम गरी कैद, उक्त बिगो बमोजिम जरिबाना र सोही दफाको उपदफा (१) बमोजिम उक्त बिगो रकमसमेत असुल उपर गरिपाउँ भनी दावी लिएको अवस्था देखिन्छ। (ख)प्रदेश मन्त्रालयका तत्कालीन महाशाखा प्रमुख रहेका प्रतिवादी श्रीधर ज्ञवाली उपर निज प्रतिवादीले कार्यविधिमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न भए नभएको अध्ययन नगरी भुक्तानी दिने	**विशेष अदालतले गरेको फैसलाको संक्षिप्त व्यहोरा :-** प्रस्तुत मुद्दामा प्रतिवादीहरु बैकुण्ठ अधिकारी, श्रीधर ज्ञवाली, मुकेश रामजाली नेपाली, राजाराम तिवारी र आधुनिक कृषि किसान संसार लाई आरोपदावी वाट नै सफाई दिने गरी विशेष अदालत काठमाण्डौंबाट मिति २०८०।१२।१९ मा फैसला भएको देखिन्छ । **<u>विशेष अदालत काठमाण्डौवाट प्रतिवादीहरु बैकुण्ठ अधिकारी, श्रीधर ज्ञवाली र मुकेश रामजाली नेपाली राजाराम तिवारी र आधुनिक कृषि किसान संसार लाई आरोपदावी वाट नै सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः</u>** (क)प्रतिवादीहरु बीचको सम्झौताअनुसार कृषि तथा सहकारी मन्त्रालयका कर्मचारी रहेका प्रतिवादी बैकुण्ठ अधिकारीसमेतले दाबीको मिनिटिलरको खरिद प्रक्रिया र अनुदानग्राहीहरुलाई वितरण गर्ने प्रक्रियामा प्रत्यक्ष संलग्न रहेको नदेखिएको ख) प्रतिवादी आपूर्तिकर्ता रहेका राजाराम तिवारीले उपकरण उत्पादन गर्ने कम्पनी, ब्राण्ड र	**प्रस्तुत मुद्दामा प्रतिवादीहरु बैकुण्ठ अधिकारी, श्रीधर ज्ञवाली, मुकेश रामजाली नेपाली, राजाराम तिवारी र आधुनिक कृषि किसान संसार लाई आरोपदावी वाट नै सफाई दिने गरी विशेष अदालत काठमाण्डौंबाट मिति २०८०।१२।१९ भएको फैसला उपर श्री सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गर्नुपर्ने आधार र कारणहरु :** **क.** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ बुटवल रूपन्देहीको च.नं. ५६७ मिति २०७६।०७।१८ को प्राप्त पत्रानुसार आधुनिक कृषि किसान संसार कम्पनीले मन्त्रालयको मिति २०७५।०६।०१ गतेको सूचना अनुसार कम्पनीले पेश गरेको दररेट प्रस्तावमा उल्लेख भएको सम्पूर्ण विवरण अनुसारको दररेट स्वीकृत गरिएको, सोही अनुसारको किसान क्राफ्टले उत्पादन गरेका मिनिटिलर र मेज सेलर लगायतका यन्त्र उपलब्ध गराउने भनी यन्त्रका नाम, ब्रान्ड, क्षमता र उत्पादक कम्पनीको विवरण खुलाई पेश गरेको प्रस्ताव स्वीकृत भएको र प्रकृयागत रुपमा छनौट भएका आपूर्तिकर्ता श्री आधुनिक कृषि किसान संसार प्रा.लि. भरतपुर ९, चितवनसँग यन्त्र आपूर्तिका लागि मिति २०७६/०२/२९ मा सम्झौता भएको, सो सम्झौता पत्रको बुँदा नं. ४ मा अनुदानग्राहीले माग गरे अनुसारको सामग्री उच्च गुणस्तर र प्राविधिक स्पेसीफिकेशन अनुसार हुनु पर्नेछ भन्ने प्रावधान रहेको र आपूर्तिकर्ता आधुनिक कृषि किसान संसार प्रा.लि. भरतपुर ९ चितवनले प्रदेश सरकारबाट पाउनु पर्ने अनुदान वापतको रकम भुक्तानी पाउन पेश गरेको विवरणमा समेत सोही बमोजिमको यन्त्र आपूर्ति गरेको दाबी गरी भुक्तानीका लागि अनुरोध भएको र सोही बमोजिम मन्त्रालयबाट रकम भुक्तानी भएको अभिलेखबाट देखिएको साथै कृषि ज्ञानकेन्द्र, अर्घाखाँचीको च.नं. ४२४ मिति २०७७/०३/१४ को पत्रसाथ प्राप्त अनुगमन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			सम्बन्धी टिप्पणी सिफारिस गरी ७ (सात) वटा मिनिटिलरको रु.६,२२,५००।- बराबरको लाभग्राहीलाई उपलब्ध नगराइएको मिनिटिलरसमेतको झुट्टा बिल भरपाइको भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानूनी हानि पुऱ्याई भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसूर गरेको साथै सम्झौता पत्रमा उल्लेख भए बमोजिम KK-IC-300D, 6hp मोडेलको वितरण गर्नुपर्ने मिनिटिलर खरिद नगरी कम गुणस्तरको KK-IC-300D, 5.4 hp मोडेलको १७ वटा र सम्झौता पत्रमा उल्लेख भए बमोजिम KK-IC-200P, 5.7hp मोडेलको वितरण गर्नुपर्ने मिनिटिलर खरिद नगरी KK-IC-200P, 5.1hp मोडेलको १२ वटा मिनिटिलर खरिद गरि प्रदेश सरकारलाई जम्मा रु.३७,१५,०००।-हानि पुऱ्याई सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूर गरेकोले प्रतिवादी श्रीधर ज्ञवालीलाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.४३,३७,५००।- कायम गरी कैद र बिगो बमोजिम जरिबाना तथा सोही दफाको उपदफा (१) बमोजिम उक्त बिगो रकमसमेत असुल उपर गरिपाउँ भनी दावी लिएको अवस्था देखिन्छ। (ग)तत्कालीन कृषि प्रसार अधिकृत रहेका प्रतिवादी मुकेश रामजाली उपर निज प्रतिवादीले कार्यविधिमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न भए नभएको अध्ययन नगरी आपूर्तिकर्ताले पेस गरेको कागजात जस्ताको तस्तै पेस गरी ७ (सात) वटा मिनिटिलरको रु.६,२२,५००।- बराबरको लाभग्राहीलाई उपलब्ध नगराइएको मिनिटिलरसमेतको झुट्टा बिल भरपाइको भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानूनी हानि पुऱ्याई भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को	मोडल स्पेशिफिकेशन बमोजिम नै रहेको र हर्षपावर (HP) क्षमतामा सामान्य फरक देखिए तापनि त्यसले उपकरणको कार्यक्षमतामा ठूलो फरक नदेखिने	प्रतिवेदन, फोटाहरु समेतको अध्ययन गर्दा भट्टराई कृषि फर्म सन्धिखर्क अर्घाखाँचीलाई 6HP को मिनिटिलर वितरण गरेको भन्पाई भएता पनि अनुगमनका क्रममा 5.4HP वितरण गरेको सिलसिला बहुउदेश्यीय सहकारी संस्था लि. अर्घाखाँची र शिर्जनशिल तरकारी कृषक समुह अर्घाखाँचीलाई 4HP को मोटर भएको वितरण गरिसकिएको भन्पाईमा देखिएको र अनुगमनका क्रममा मेजिक सेलरसंग 2HP को Made in China लेखेको स्टिकर भएको मोटर रहेको मेज सेलर वितरण गरेको भन्ने देखिन्छ। आपूर्तिकर्ताले उल्लिखित तीनवटा संस्थालाई कृषि यन्त्र आपूर्ती गर्दा दररेट प्रस्ताव र सम्झौता संलग्न विवरणमा उल्लिखित स्पेशिफिकेसन भन्दा कम क्षमता र फरक ब्राण्डका यन्त्र आपूर्ती गरेको भन्ने देखिरहेको अवस्थाम सो तर्फ अन्देखा गरी भएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुर्टिपूर्ण भई बदरभागी रहेकोले बदर गरीपाउँ। **ख.** मन्त्रालयबाट आयोगलाई प्राप्त भुक्तानीको कागजातमा संलग्न विवरणमा सुनौलो एकता कृषि तथा पशु विकास फर्म सन्धिखर्क न.पा. २ ले Minitiller एक वटा र Maize Dehusker एक वटा; गैरी भैसीपालन कृषक समूह (हरियाली उन्नत गाईपालन महिला कृषक समूह) सन्धिखर्क न.पा. २ ले Minitiller दुई वटा; गौरी गाईपालन फार्म सन्धिखर्क न.पा. १० ले दुईवटा Minitiller; फुतवाङ फुलबारी कृषक समूह सन्धिखर्क न.पा. ले दुईवटा Minitiller; सिर्जनशील कृषि तथा पशुपालन फर्म सन्धिखर्क न.पा. ८ ले दुईवटा Minitiller र सुर्योदय कृषक समूह पाणिनी गा.पा.१ ले चार वटा Minitiller बुझेको उल्लेख भएको देखिन्छ ।यसरी एउटा Maize Dehusker र १३ वटा Minitiller बुझेको भनिएकोमा अनुसन्धान अधिकृत सुनिता घिमिरे सहितको टोलीको स्थलगत अनुगमन प्रतिवेदन र सो टोली समक्ष सम्बन्धित कृषक/समूह/सहकारी/फर्मका पदाधिकारीले गरिदिएको कागज अनुसार सुनौलो एकता कृषि तथा पशु विकास फर्म सन्धिखर्क न.पा. २ ले एक वटा Maize Dehusker;

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			देहाय (ङ) बमोजिमको कसूर गरेको साथै सम्झौता पत्रमा उल्लेख भए बमोजिम KK-IC-300D, 6hp मोडेलको वितरण गर्नुपर्ने मिनिटिलर खरिद नगरी कम गुणस्तरको KK-IC-300D, 5.4 hp मोडेलको १७ वटा र सम्झौता पत्रमा उल्लेख भए बमोजिम KK-IC-200P, 5.7hp मोडेलको वितरण गर्नु पर्ने मिनिटिलर खरिद नगरी KK-IC-200P, 5.1hp मोडेलको १२ वटा मिनिटिलर खरिद गरी प्रदेश सरकारलाई जम्मा रु.३७,१५,०००।- हानि पुऱ्याई सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूर गरेकोले प्रतिवादी मुकेश राम्जाली नेपालीलाई ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.४३,३७,५००।- कायम गरी कैद र बिगो बमोजिम जरिबाना तथा सोही दफाको उपदफा (१) बमोजिम उक्त बिगो रकमसमेत असुल उपर गरिपाउँ भनी दावी लिएको अवस्था देखिन्छ। (घ)प्रतिवादीहरु आधुनिक कृषि किसान संसार र सो संस्थाका प्रबन्ध निर्देशक राजाराम तिवारी उपर निज प्रतिवादीहरुले लाभग्राहीलाई उपलब्ध नगराइएको ७ वटा मिनिटिलरको झुट्टा बिल भरपाइ बनाई रु.६,२२,५००।- बढि भुक्तानी लिएको साथै सम्झौता पत्रमा उल्लेख भए बमोजिम KK-IC-300D, 6hp मोडेलको वितरण गर्नुपर्ने मिनिटिलर वितरण नगरी कम गुणस्तरको KK-IC-300D, 5.4 hp मोडेलको मिनिटिलर १७ वटा र सम्झौता पत्रमा उल्लेख भए बमोजिम वितरण गर्नु पर्ने KK-IC-200p, 5.7hp मोडेलको वितरण गर्नुपर्ने मिनिटिलर खरिद नगरी कम गुणस्तरको KK-IC-200P, 5.1hp मोडेलको १२ वटा मिनिटिलर खरिद गरी लाभग्राहीलाई वितरण गरी जम्मा रु.३७,१५,०००।- भुक्तानी लिई प्रदेश सरकारलाई गैरकानूनी हानि पुऱ्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको हुँदा प्रतिवादीहरु आधुनिक		गैरी भैसीपालन कृषक समूह (हरियाली उन्नत गाईपालन महिला कृषक समूह) सन्धिखर्क न.पा. २ ले Minitiller एकवटा; गौरी गाईपालन फार्म सन्धिखर्क न.पा. १० ले Minitiller एकवटा; फुतवाङ फुलबारी कृषक समूह सन्धिखर्क न.पा. ले Minitiller एकवटा; सिर्जनशील कृषि तथा पशुपालन फर्म सन्धिखर्क न.पा. ८ ले Minitiller एकवटा मात्र र सुर्योदय कृषक समूह पाणिनी गा.पा.१ ले Minitiller दुईवटा गरी १ वटा Maize Dehuskerर ६ वटा Minitiller मात्र बुझेको देखिदाँ ७ सातवटा Minitiller को झुट्टा बिल भर्पाई बनाई भुक्तानी लिने दिने गरेको देखिन्छ । आधुनिक कृषि किसान संसारले मन्त्रालय समक्ष पेश गरेको भुक्तानी कागजातमा १३ वटा Minitiller को विवरण नै पेश गरेको देखिन्छ ।त्यसै गरि मन्त्रालयले आफ्नो वेवसाईटमा र प्रकाशन गरिएका सुचना सामाग्रीमा समेत १३ वटा Minitiller को भुक्तानी पछिकै विवरण प्रकाशित गरेको देखिन्छ भने उल्लिखित कृषि समूह तथा फर्महरु मार्फत् सामाग्री बुझेका लाभग्राहीले आफूहरुले बुझेको यन्त्र उपकरणहरुको विवरण सम्बन्धमा कागज समेत गरि दिएको देखिन्छ । भुक्तानीका समयमा मन्त्रालयका सम्बद्ध कर्मचारीले आपूर्तिकर्ताले पेश गरेको कागजातमा सामान्य ध्यान समेत नदिएका कारण ७ वटा Minitiller को जम्मा रु ८,३०,०००।— बराबरको बढी भुक्तानी दावी गरिएको मध्ये ७५ प्रतिशत अनुदानको दरले जम्मा रु. ६,२२,५००।— प्रदेश सरकारबाट भुक्तानी भएको देखिएकोले यसबाट प्रदेश सरकारलाई रु. ६,२२,५००।—गैरकानुनी हानी भएको पुष्टी भएको देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ । ग. आपूर्तीकर्ताले सम्झौतामा उल्लेख भएको भन्दा कम ईन्जिन क्षमताको KK-IC-300D र KK-IC-200P मोडेलको मिनिटिलर वितरण गरेको सम्बन्धमा आयोगका मेकानिकल ईन्जिनियरले 6hp को भन्दा 5.4hp को working performance धेरै कम हुने, 5.7hp

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

			कृषि किसान संसार र राजाराम तिवारीलाई ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम बिगो रु.४३,३७,५००।- कायम गरी दुई वर्षसम्म कैद र बिगो बमोजिम जरिबाना हुन साथै सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम गैरकानूनी रुपमा हानि पुऱ्याएको रकमसमेत ऐ. ऐनको दफा ८ को उपदफा (४) बमोजिम प्रतिवादी आधुनिक कृषि किसान संसार र सो संस्थाका प्रबन्ध निर्देशक प्रतिवादी राजाराम तिवारीबाट बिगो रु.४३,३७,५००।-जफत गरिपाउँ भनी दावी लिएको अवस्था देखिन्छ।		भन्दा 5.1hp working performance धेरै कम हुने, ईञ्जिनको अन्य Components भन्दा ईञ्जिनको मुख्य पावर मापन गर्ने यूनिट नै हर्सपावर भएकोले सम्झौतामा उल्लेखित मिनिटिलरले जस्तो आपूर्तीकर्ताले किसानलाई आपूर्ती गरेको कम हर्स पावरको मिनिटिलरले कार्य गर्न नसक्ने राय पेश गरेको आधारमा पनि सम्झौता विपरित कम क्षमताको मिनिटिलर वितरण गरी प्रदेश सरकारलाई गैरकानुनी हानी पुऱ्याएको भन्ने देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भई बदरभागी रहेको छ वदर गरीपाउँ । **घ.** कृषि यान्त्रीकरण अनुदान कार्यक्रम "कृषि यान्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" अनुसार सन्चालन भएको देखिन्छ तर उक्त कार्यविधिको दफा ८ को उपदफा (१) को देहाय (ख) मा "आपूर्तीकर्ताले पेश गरेको विवरणको आधारमा मन्त्रालय वा मातहतका कार्यालयद्वारा अनुसुची ९ बमोजिम अनुगमन भई अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ" र सोहि कार्यविधिको दफा १० (घ) मा "आपूर्तीकर्तालाई सम्बन्धित उपभोक्तालाई कृषि यन्त्र उपकरण उपलब्ध गराएको भरपाई र जिल्लास्थित मन्त्रालय मातहतका कार्यालयको सिफारिसको आधारमा भुक्तानी दिईने छ" भन्ने उल्लेख भएको देखिन्छ ।यस अवस्थामा सम्पूर्ण कागजात अध्ययन नगरी नगराई र स्थलगत अनुगमन नगरी नगराई भुक्तानी दिने सम्बन्धि टिप्पणी सदर गरी ७ (सात) वटा मिनिटिलरको रु.६,२२,५००/- बराबरको लाभग्राहीलाई उपलब्ध नगराईएको मिनिटिलर समेतको झुट्टा बिल भर्पाईको भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानुनी हानी पुर्याएको भन्ने देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी भएको फैसला कानून व्याख्याको रोहमा त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ । **ङ.** तत्कालिन प्रदेश सचिव बैकुण्ठ अधिकारीले सम्पूर्ण कागजात अध्ययन नगरी नगराई र स्थलगत अनुगमन नगरी नगराई

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

					भुक्तानी दिने सम्बन्धि टिप्पणी सदर गरी ७ (सात) वटा मिनिटिलरको रु.६,२२,५००/- बराबरको लाभग्राहीलाई उपलब्ध नगराईएको मिनिटिलर समेतको झुट्टा बिल भर्पाईको भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानुनी हानी पुर्याएको त्यसैगरी तत्कालिन प्रदेश मन्त्रालयका महाशाखा प्रमुख श्रीधर ज्ञवालीले कार्यविधिमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न भए नभएको अध्ययन नगरी भुक्तानी दिने सम्बन्धि टिप्पणी सिफारिस गरी ७ (सात) वटा मिनिटिलरको रु.६,२२,५००/- बराबरको लाभग्राहीलाई उपलब्ध नगराईएको मिनिटिलर समेतको झुट्टा बिल भर्पाईको समेत भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानुनी हानी पुऱ्याएको भन्ने देखिरहेको र कृषि प्रसार अधिकृत मुकेश राम्जाली नेपालीले कार्यविधिमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न भए नभएको अध्ययन नगरी आपूर्तीकर्ताले पेश गरेको कागजात जस्ताको तस्तै पेश गरी ७ (सात) वटा मिनिटिलरको रु.६,२२,५००/- बराबरको लाभग्राहीलाई उपलब्ध नगराईएको मिनिटिलर समेतको झुट्टा बिल भर्पाईको भुक्तानी गरी प्रदेश सरकारलाई गैरकानुनी हानी पुऱ्याईएको साथै आधुनिक कृषि किसान संसार र सो संस्थाका प्रबन्ध निर्देशक राजाराम तिवारीले लाभग्राहीलाई उपलब्ध नगराईएको ७ वटा मिनिटिलरको झुट्टा बिल भर्पाई बनाई रु.६,२२,५००/- बढि भुक्तानी लिएको साथै सम्झौता पत्रमा उल्लेख भए बमोजिम वितरण गर्नु पर्ने KK-IC-300D 6hp मोडेलको वितरण गर्नु पर्ने मिनिटिलर वितरण नगरी कम गुणस्तरको KK-IC-300D, 5.4 hp मोडेलको मिनिटिलर १७ वटा र सम्झौता पत्रमा उल्लेख भए बमोजिम वितरण गर्नु पर्ने KK-IC-200p 5.7hp मोडेलको वितरण गर्नु पर्ने मिनिटिलर खरिद नगरी कम गुणस्तरको KK-IC-200P, 5.1hp मोडेलको १२ वटा मिनिटिलर खरिद सोही मिनिटिलर लाभग्राहीलाई वितरण गरी जम्मा रु. ३७,१५,०००/- भुक्तानी लिई प्रदेश सरकारलाई गैरकानुनी हानी पुऱ्याई भ्रष्टाचार

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

					गरेको भन्ने प्रष्ट देखिरहेको अवस्थामा निज प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुर्टिपूर्ण भएकोले वदर गरीपाउँ ।